# गाउँपालिका अध्यक्ष श्री शेर बहादुर सुनुवारद्धारा गाउँ सभाको २० औ अधिवेसनमा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८३/०८४ को उमाकुण्ड गाउँपालिकाको नीति तथा कार्यक्रम

उमाकुण्ड गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**प्रिति, रामेछाप**

**बागमती प्रदेश, नेपाल**

**१० असार, २०८३**

**गाउँसभा सदस्यहरू,**

उमाकुण्ड गाउँपालिका अध्यक्षको हैसियतले उमाकुण्ड गाउँपालिकाको गाउँसभामा १० औ पटक बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरिरहेको छु। यसरी २ कार्यकाल निरन्तर आफ्नो अमुल्य मत प्रदान गरि गाउँपालिका अध्यक्ष पदमा निर्वाचित गरि १० वर्ष सम्म सेवा गर्ने अवसर प्रदान गर्नुहुने आदरणिय उमाकुण्ड वासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै पुन धन्यवाद ब्यक्त गर्दछु ।

गाउँसभा बैठकमा गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा नेपालमा प्रजातन्त्र, लोकतन्त्र, नागरिक सर्वोच्चता र सुशासन कायम गर्न नेपालको इतिहाँसको विभिन्न काल खण्डमा भएका राजनितिक आन्दोलनको गौरवपुर्ण इतिहाँसको स्मरण र सम्मान गर्दै नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, राष्ट्रिय हित एवम् लोकतन्त्रको लागि अमुल्य जीवन उत्सर्ग गर्ने महान शहिदहरू प्रति उच्च सम्मान सहित भावपुर्ण श्रद्धाञ्जी अर्पण गर्दछु ।साथै आन्दोलनका नेतृत्वकर्ता, घाइते, अपाङ्ग वेपत्ता लगाएत सम्पुर्ण योद्धाहरुको अतुलनिय योगदान, त्याग, तपस्या र बलिदान प्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

गाउँ कार्यपालिकाको कार्यालय र मातहतकको निकाय/कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति नागरिक सामु प्रस्तुत गर्न समग्र गाउँपालिकाको क्षमता विकास गर्न अति आवश्यक छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्नु अनिवार्य छ ।आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसै तर्फ निर्देशित रहेको कुरा समेत म गाउँसभा समक्ष अवगत गराउन चाहान्छु ।

देशमा सङ्घिय शासन ब्यवस्था कायम भई स्थानीय तहको गठन पश्चात भएको पहिलो स्थानीय तहको निर्वाचन पछिको यो लगभग ९ वर्षको अवधिमा हाम्रो गाउँपालिकाले मुहार मात्र फेरेन, बरू साँच्चै समृद्धिको स्वर्णिम यात्रा तय गरिसकेको छ । यो गाउँपालिका भौगोलिक हिसाबले देशकै ठुलो र दुर्गम गाउँपालिका हो, अन्य सुगम स्थानीय तहको लागि विकास र समृद्धिको यात्रा तय गर्न जति सजिलो छ, हाम्रो गाउँपालिकामा त्यतिनै कठिन छ ।जहाँ जहिले पनि केहि भएन भनि भाष्य खडा गरि निराशा बाँडीरहने प्रवृत्ति हावि भैरहँदा सकारात्मक सोच राखि जुनसुकै माध्यमबाट समग्र गाउँपालिकाको विकास र समृद्धिमा साझेदार गर्न चाहाने आम नागरिकहरुले यस कुरालाई राम्रोसँग अनुभुति गरेकै छन्।

विकास र समृद्धि सपना देखे जस्तै सेकेण्ड भरमै सम्पन्न हुने कुरा होईन यो एउटा प्रक्रिया हो, ९ वर्ष अगाडीको अवस्था र आजको अवस्थाको तुलना गर्ने हो भने सबै कुराको सहज जवाफ प्राप्त गर्न सकिन्छ भन्ने लाग्छ ।९ वर्ष अगाडी गाउँपालिकाको सबै सामुदायिक विद्यालयहरुको भौतिक र शैक्षिक गुणस्तरको अवस्था कस्तो थियो? अहिले के भयो र के हुँदैछ, ९ वर्ष अगाडीको स्वास्थ्य सँस्थाहरूको भौतिक र सेवा प्रवाहको अवस्था कस्तो थियो? अहिले के भयो र के हुँदैछ ।कति सडक थियो? त्यसको अवस्था कस्तो थियो र अहिले के हुँदैछ, हामी सबैले यिनै प्रश्नमा उत्तर खोज्नु पर्दछ ।

उमाकुण्ड गाउँपालिका झन्डै ४५२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको गाउँपालिका हो । गाउँपालिकाको मुख्य सडक र वडाको मुख्य सडकहरू मात्र निर्माण गरि स्तरोन्नति गर्ने हो भने ति सडकहरू स्तरोन्नति सहित कालोपत्रे भई सक्दथे, गाउँसभा सदस्यज्यूहरू तर तपाइ हामी सबैलाई थाहा छ कि हामी र हाम्रा हरेक नागरिकहरुले आफ्नो घर घरमा सडक बाटोको माग राख्दा गाउँपालिकामा ५०० किलोमिटर भन्दा बढि सडक बाटो निर्माण हुने पुगे, सडक मार्ग खोलेर मात्र भएन त्यसको नियमित मर्मत संभारमा ठुलो धनराशी खर्च भईरहेको कुरा हामी सबैलाई थाहा छ।यद्यपि प्रदेश सरकारको जिम्मेवारी भित्र पर्ने यस गाउँपालिकाको मुख्य सडक बाहेक अन्य सडकहरु स्तरोन्नति भई नियमित सवारी साधन सञ्चालन भईरहको कुरा पनि हामीलाई सबैलाई अवगतनै छ ।

**गाउँसभा सदस्यहरु,**

गाउँपालिकाले आफ्नै श्रोत साधनको प्रयोग गरि २ वटा अस्पताल सञ्चालन गरिरहेको छ ।अस्पताल तथा गाउँपालिका स्थित अन्य ६ वटा स्वास्थ्य संस्थामा एक पटक गएर सेवा लिएपछि अवस्य पनि स्वास्थ्य क्षेत्रमा निकै ठुलो परिवर्तन भएको महसुस गर्ने सकिने छ । हामीले गर्व गर्नु पर्छ, त्यसैको परिणाम स्वरूप गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा गरेको लगानी र सेवा प्रवाह जिल्लामा मात्र नभइ बागमती प्रदेशमै उत्कृष्ट ठहर भइ नियमित पुरस्कृत भइरहेको छ ।

बिकासका मेरुदण्डको रुपमा रहेको शिक्षा क्षेत्रको विकासको लागि गाउँपालिकाले निकै ठुलो लगानी गरेको छ । धेरै ठुलो प्रयास र लगानीबाट गाउँपालिकाको सबै विद्यालयको भौतिक संरचना सुविधा सम्पन्न र पठनपाठन मैत्री बनाउन सफल भएका छौ ।प्रविधिमैत्री शिक्षण विधिको प्रयोगको लागि सबै विद्यालयहरुमा सूचना प्रविधिको विकास र विस्तार गरिएको छ, परिणाम स्वरूप गाउँपालिकाको शैक्षिक गुणस्तरमा पनि निकै ठुलो फड्को मार्न सफल भएको कुरा हामी सबैलाई जानकारीनै छ । गाउँपालिकाले खेलकुद क्षेत्रमा गरेको लगानीबाट समेत खेलाडी उत्पादनको एउटा नयाँ श्रृङ्खलाको सुरूवात भएको छ।

**गाउँसभा सदस्यहरू,**

अब म शिक्षा, स्वास्थ्य र सेवा प्रवाहमा आमुल परिवर्तन र पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखि तयार गरिएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम गाउँसभा समक्ष पेश गर्न चाहान्छु ।

१. कृषिमा विविधिकरण, व्यवसायीकरण र बजारीकरणको सुनिश्चितता गरि कृषि क्षेत्रको उत्पादन उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरिनेछ। खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न रैथाने बिउ/बालीको संरक्षण एवम् उत्पादनमा जोड दिइनेछ।
२. कृषकहरुलाई माटो परीक्षण सेवा उपलब्ध गराई माटो परिक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउन घुम्ती माटो परिक्षण शिविर सञ्चालन गरिने छ।
३. उमाकुण्ड गाउँपालिकाको समग्र कृषि उत्पादनको लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था मिलाई कृषिमा यान्त्रिकरण र आधुनिकीकरण गरिनेछ ।कृषकले उत्पादन गरेको कृषि उपजको विक्रि एवम् बजारीकरणको लागि ढुवानीमा अनुदानको कार्यक्रमको सुरुवात गरिने छ ।
४. खेतिबालीमा देखिने रोगकिराको प्रकोप तथा जलवायु परिवर्तनबाट हुने क्षेती न्यूनिकरण गर्न एकिकृत शत्रुजीव व्यस्थापन, वाली उपचार शिविर तथा जलवायु अनूकुलन कृषि अभ्यास अपनाइने छ ।
५. कृषि विकास कार्यक्रमलाई बालमैत्री स्थानीय शासनको अवधारणासँग आवद्ध गर्दै बालबालिकाको खाद्य, पोषण र स्वस्थ्य सुरक्षामा योगदान पुऱ्याउन बालीमैत्री कृषि सचेतना कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ।
६. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिदैं कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनमा जोड दिईनेछ।
७. कृषि अनुदानका कार्यक्रमहरुलाई व्यवस्थित, वैज्ञानिक, पारदर्शी बनाउन पालिकाभित्र रहेका सम्पुर्ण कृषकहरुको तथ्याङ्क अद्यावधिक गरि किसान सूचीकरण प्रणालीमा आबद्ध हुनको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
८. कृषि व्यवसाय प्रर्वद्धनका लागि समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमलाई थप प्रभावकारी बनाउने नीति अवलम्वन गरिनेछ र गाउँपालिकाको पहिचानको रुपमा रहेको आलुखेतीलाई थप प्रवर्द्धन गरी आलुलाई पालिकाको चिनारी बालीको रुपमा घोषणा गरिनेछ।
९. स्थानीय उत्पदानको प्रयोगमा प्रोत्साहन गर्न गाउँपालिका अन्तर्गतको निकाय/कार्यालयले अनिवार्य रुपमा स्थानीय उत्पादनको मात्र प्रयोग गर्ने ब्यवस्था मिलाईने छ ।

१०.	गाउँपालिका भित्रका पशुपालन व्यवसायलाई आधुनिकीकरण गरि पशुजन्य उत्पादनमा गाउँपालिकलाई आत्मनिर्भर बनाउन पशुपन्छीको उपचार र रोगहरुको रोकथामका लागि गुणस्तरिय औषधि, घुम्ति पशु स्वास्थ्य शिबिर खोप कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिनका साथै पशु उपचारको लागि ल्याब सञ्चालन गरिनेछ |

११.	दुध उत्पादन गर्ने किसानलाई दुग्ध उत्पादनमा प्रोत्साहन गर्न दुधमा दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ |

१२.	पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई कृषक तथा गाउँपालिकाको साझेदारीमा थप व्यवस्थित गरि सञ्चालन गरिनेछ, पशु बिमा जस्ता जोखिम बहन गर्ने कार्यक्रममा कृषकहरुलाई जोड्न बिशेष ब्यवस्था गरिनेछ |

१३.	चौरीपालन व्यवसायलाई प्रबर्दन गरिनेछ, १ वडा १ पशु स्वस्थ्य प्राविधिकको व्यवस्थालाई निरन्तरता दिईने छ |

१४.	पशुजन्य उत्पादन, प्रबर्दन तथा स्वस्थ मासु वितरण गर्न व्यवस्थित बधशाला, मासु बजार व्यवस्थापनका लागि आवश्यक ब्यवस्था मिलाईने छ।

१५.	रेबिज रोग नियन्त्रण गर्नका लागि कुकुर बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**गाउँसभा सदस्यहरु,**

१६.	उमाकुण्ड गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुको आर्थिक सुधार तथा बिकासका लागि लघु घरेलु तथा साना उद्योग सञ्चालन गर्न लगानी मैत्री वातावारण सृजना गरिनेछ ।

१७.	गाउँपालिका भित्र पाइने स्थानीय श्रोत, साधन तथा कच्चापदार्थको समुचित परिचालनका लागि उत्पादनमूलक उद्योगहरुको स्थापना र विकास गर्न नागरिकहरुको इच्छा चाहना तथा बजार मागमा आधारित लघु, घरेलु, साना उद्योग प्रवर्द्धन गरी स्थानीय रोजगारी सृजना गर्न स्थापित उद्योगहरुसँग सार्वजनिक निजी साझेदारी उद्योग प्रवर्द्धन गरिने छ ।

१८.	गाउँपालिका भित्र स्थापित लघु घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्न उद्यमशिलता विकास र व्यवसायिक सिपको विकास गरिनेछ। उद्योगहरुबाट उत्पादन हुने वस्तु वा सेवाहरुको उत्पादन लागत मूल्य कम गर्न समयसापेक्ष उपयुक्त प्रविधिहरुको प्रयोग गरिनेछ जसका लागि व्यवसायी/उद्योगीहरुसँग प्रविधि वितरणमा लागत साझेदारीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९.	न्यून आय भएका गरिवीको रेखामुनी रहेका विपन्न लक्षित नागरिकहरुलाइ स्वरोजगार र व्यवसायी बनाउन उद्यमशिलता तथा व्यवसायिक सीप विकास सम्वन्धी तालिमहरुको आयोजना गरि रोजगारीको सृजना गरिनेछ।

२०.	गाउँपालिका भित्र उद्योग व्यवसायबाट उत्पादन हुने वस्तु वा सेवाहरुको बजारीकरणका लागि सम्वन्धित पक्षसँग समन्वय गरी उत्पादित वस्तुको बजारीकरणमा सहयोग गरिनेछ ।

२१.	स्थानीय श्रोत कच्चापदार्थको परिचालन गरी नागरिकको चाहना र बजारको माग अनुसारका लघु उद्यमहरु स्थापना गरी रोजगारी सृजना गर्न गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा मोडललाइ निरन्तरता दिइनेछ ।

२२.	उमाकुण्ड गाउँपालिकामा रहेका किसान, व्यवसायी, उद्यमीद्धारा उत्पादित कृषि उपज वस्तुहरु, नगदेवाली तथा उत्पादनहरुको बृद्धिबिकास, बजार  तथा बजारीकरणमा सहयोगका लागि पालिकाभित्र रहेका कृषि सहकारी सस्थाहरुको क्षमता विकासमा जोड दिइनेछ ।

२३.	विद्यमान सहकारी ऐन, नियम, नियमावली, मापदण्ड बमोजिम सहकारी सस्थाहरु सञ्चालन गतिविधिलाइ नियमनकारी भुमिकालाइ विशेष जोड दिइनेछ। नागरिकहरुको बचत रकमलाइ दुरुपयोग हुन बाट निरुत्साहित गर्न अनुगमन प्रणाली व्यवस्थालाइ कडाइका साथ कार्यान्वयन गरिनेछ ।

२४.	उमाकुण्ड गाउँपालिका कार्य क्षेत्र भित्र रहेका सवै प्रकृतिका सहकारी तथा वित्तीय संस्थाहरुको संस्थागत विकासमा जोड दिइनेछ।

२५.	धार्मिक तथा पर्यटकिय क्षेत्रको विकासमा बिशेष जोड दिइने छ । पर्यटकिय क्षेत्रको चिनारी, परम्परागत संस्कृतिको संरक्षण धार्मिक पर्यटनको विकासको लागि विभिन्न मेला महोत्सव सञ्चालन गरिने छ।गाउँपालिका भित्रको पर्यटकिय स्थलहरूको चिनारिको लागि बिशेष कार्यक्रम सञ्चालन गरिने छ ।

**गाउँसभा सदस्यहरु,**

२६.	गाउँपालिका भित्रका सबै विद्यालयमा अध्ययनरत विद्यार्थीको पढाइ, लेखाइ तथा गणितिय सीप अभिवृद्धि गर्न तथा प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्मका बालबालिकाको आधारभूत सिकाइ प्रवर्धन गर्न "उमाकुण्ड सिकाइ सुधार तथा परीक्षण अभियान –२०८३" सञ्चालन गरिनेछ ।

२७. शिक्षकका लागि Digital सिकाइ, बालमैत्री शिक्षण, निरन्तर मूल्यांकन, विषयगत दक्षता तथा प्रविधिमा आधारित शिक्षण सम्बन्धी पेशागत दक्षता अभिवृद्धि तालिम निरन्तर सञ्चालन गरिनेछ ।

२८. विद्यालयहरूमा क्रमशः डिजिटल शिक्षण प्रणाली विस्तार गरिनेछ । स्मार्ट टिभी, प्रोजेक्टर, डिजिटल सामग्री तथा ई–लाइब्रेरी व्यवस्थापनमा आवश्यक सहयोग गर्ने व्यववस्था मिलाइनेछ ।

२९. प्रत्येक विद्यालयमा क्रमशः बालमैत्री पुस्तकालयको स्थापना गर्दै जाने नीति लिइनेछ। “एक महिना–एक पुस्तक” तथा नियमित पठन कार्यक्रम सञ्चालन गरि विद्यार्थीमा पढ्ने संस्कृतिको बानी विकास गरिनेछ।

३०. दलित, जनजाति, अपाङ्गता भएका, विपन्न तथा दुर्गम क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न र उच्च शिक्षा अध्ययरत विद्यार्थीहरुको लागि छात्रवृत्ति, शैक्षिक सामग्री तथा लक्षित सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा समुदायको सक्रिय सहभागितामा विद्यालय सुधार अभियान सञ्चालन गरिनेछ । अभिभावक, शिक्षक र विद्यालय बिच अन्तरक्रिया तथा संवाद कार्यक्रमलाई नियमित बनाउन गाउँपालिकाको अगुवाइमा एक संवाद टुलकिट निर्माण गरि लागू गरिनेछ ।

३२. विद्यालय शिक्षालाई स्थानीय कृषि, वातावरण, पर्यटन तथा उद्यमशीलतासँग जोड्दै व्यवहारिक तथा जीवनोपयोगी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । विज्ञान, नवप्रवर्तन तथा सीपमूलक गतिविधिलाई प्रोत्साहन गरिनेछ ।

३३. विद्यालयलाई बालमैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ । विद्यार्थीको मानसिक स्वास्थ्य, सरसफाइ तथा जीवन उपयोगी शिक्षालाई प्राथमिकता दिइनेछ ।

३४. मेरो विद्यालय, मेरो जिम्मेवारी भन्ने अभियानलाई प्रभावकारी कार्यान्वयन गराउन सबै विद्यालयका प्रधानाध्यापकलाई क्रमशाः विद्यालय विकास तथा शैक्षिक नवप्रवर्तनकर्ता (सेडीई) को रुपमा विकास गरिनेछ। यसको लागि माध्यमिक विद्यालयहरूमा Alumni Support Program सञ्चालन गर्न प्रेरित गरिनेछ । साथै, माध्यमिक शिक्षा पूरा गरेका विद्यार्थीहरूका लागि करियर विकास, मार्गदर्शन तथा परामर्शसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. गाउँपालिका अन्तर्गतका सबै माध्यमिक विद्यालयहरूमा विद्यार्थीहरूको नेतृत्व क्षमता विकास, लोकतान्त्रिक अभ्यासको प्रवद्र्धन तथा विद्यालय व्यवस्थापनमा सहभागिता सुनिश्चित गर्न ‘बाल संसद तथा विद्यार्थी नेतृत्व विकास कार्यक्रम’ सञ्चालन गरिनेछ ।

३६. गाउँपालिका भित्रको युवालाई स्वरोजगार बनाई जिविकोपार्जमा सहयोग पुऱ्याउन र रोजगारका अवसर सिर्जना गर्न विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरि उद्यमशील कार्यक्रम तथा सीपमूलक तालिम संचालन गरिनेछ ।

३७. लोक सेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षा संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८. स्थानीय स्काउट कार्यक्रमलाई सुदृढ गर्दै बालबालिकामा अनुशासन, स्वावलम्बन, स्वयंसेवी भावना तथा सामाजिक उत्तरदायित्व विकास गरिनेछ र उनीहरूलाई विपद् व्यवस्थापन तथा सामाजिक सेवामा सक्रिय रूपमा परिचालन गरिनेछ ।

३९. स्थानीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिँदै यसलाई गाउँपालिकाको प्रमुख खेलकुद उत्सवको रूपमा विकास गरिनेछ।

४०. माध्यमिक विद्यालयहरूमा कराँते, तेक्वान्दो र उसु जस्ता मार्शल आर्ट खेलहरूको नियमित प्रशिक्षण सञ्चालन गरि विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासमा जोड दिइनेछ।

४१. उमाकुण्ड लिग फुटबल तथा भलिबल लगायतका खेलकुद प्रतियोगितालाई थप व्यवस्थित र प्रतिस्पर्धात्मक रूपमा निरन्तर सञ्चालन गरिनेछ ।

४२. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायत प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई पदक विजेता खेलाडी र स्थानीय तहको उदायमान खेलाडीहरुलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

४३. गाउँपालिकाको खेलकुद पूर्वाधार सुदृढीकरणका लागि बहुवर्षीय योजनाअन्तर्गत आधुनिक सुविधा सम्पन्न कभर्डहल निर्माण गरिनेछ । माध्यमिक विद्यालयहरुमा क्रमशाः इन्डोर खेलको विकास र संरचना तयार गरि स्पोर्टस एकेडेमीको रुपमा विकास गरिनेछ ।

**गाउँसभा सदस्यहरू,**

४४. आधारभूत तथा गुणस्तरिय स्वास्थ्य सेवामा सवै नागरिकको पहुँच सुनिश्चित गरिनेछ । सवै नागरिकलाई टोलटोलमा गई प्रत्येक्ष स्वास्थ्यकर्मीहरुको उपस्थितिमा अध्यक्ष सँग जनता स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरि नसर्ने रोगहरुको पहिचान तथा परामर्श प्रदान गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ । विद्यालय स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्वास्थ्य सेवा सँग सम्वन्धित निशुल्क वाहेकका अन्य औषधी तथा सामाग्रीहरु प्रत्येक स्वास्थ्य संस्थामा व्यवस्थापन गरि सेवाग्राहिहरुलाई आवश्यकता अनुसार सहुलियतमा वितरण गरिने कार्यलाई निरन्तरता गरिनेछ ।

४५.	निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम उमाकुण्ड वासिहरुको सुलभ र सरल पहुँचको सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई थप गुणस्तरिय तथा प्रभावकारी वनाउन स्वास्थ्य संस्थाहरुमा थप औषधी ,उपकरण, सामाग्रीहरु, व्यवस्थापन गरिनेछ ।

४६.	प्रत्येक स्वास्थ्य संस्थाहरुमा उच्चस्तरिय उपचार सेवा प्रदान गर्न अक्सिजनको व्यवस्थापन गरिनेछ। गाँउपालिका स्तरिय खोप भण्डारण कक्ष तथा खोप भण्डारणका लागि छुट्टै कर्मचारीको व्यवस्थापन कार्यलाई निरन्तरता दिई नियमित खोपलाई प्रभावकारी बनाइ धनुष्टङकार, रेविज रोगवाट वचाउन निशुल्क खोपको व्यवस्थापन कार्यलाई निरन्तरता दिदै गुणस्तरिय खोप सेवा तथा उचिच खोप भण्डारणका लागि आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरुमा आई एल आर फ्रिजको व्यवस्थापन गरिने छ।

४७.	ग्रामिण अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी वनाईनेछ । मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी वनाउदै मानसिक रोगका लागि आवश्यक औषधी तथा मनोपरामर्श सेवाको सुनिश्चित गर्दै विभिन्न कार्यक्रहरु सञ्चालन गरिनेछ ।

४८.	स्वास्थ्य सेवा प्रदायकको लागि विभिन्न स्वास्थ्यसंग सम्वन्धित तालिम सञ्चालन गरि क्षमता अभिवृद्धि गर्दै गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न स्थापित पालिका स्तरिय स्वास्थ्य स्किल ल्यावलाई अझ व्यवस्थित गरिनेछ । स्वास्थ्य संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई प्रोत्साहनका लागि गरिने विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

४९.	उमाकुण्ड गाँउपालिकाको आम गर्भवती र सुत्केरी महिला तथा सुनौलो हजार दिनका वालवालिका लक्षित विभिन्न कार्यक्रम, स्वास्थ्य संस्थामा स्थापित सामुदायिक औषधी कार्यक्रम र महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका लक्षित विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिदै थप प्रभावकारी बनाईने छ ।

५०.	स्वास्थ्य वीमा कार्यक्रमलाई प्रथमिकता दिदै उमाकुण्ड गाँउपालिकाको आम नागरिकलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराइनेछ ।

५१.	प्रत्येक स्वास्थ्य संस्थाहरुवाट निस्कने फोहोर मैलाको उचित व्यवस्थापन गरिने छ । उमाकुण्ड गाँउपालिका अन्तर्गतको सम्पुर्ण क्षेत्रको खानेपानीको स्वच्छता जाँचलाई निरन्तरता दिदैं पालिका स्तरमा खानेपानी जाँचको व्यवस्था मिलाइनेछ ।

५२.	स्वास्थ्य संस्थावाट प्रदान गरिने सम्पुर्ण सेवा तथा क्रियाकलापहरुलाई जवाफदेहि वनाउन सवै स्वास्थ्य संस्थाहरुमा गरिने सामाजिक परिक्षण कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

५३.	दुवै आधारभूत अस्पताललाई थप व्यवस्थित तथा सुदृढिकरण गरी स्वास्थ्य सेवा प्रवाहलाई अझ व्यवस्थित गरिनेछ ।

५४.	पोषण संवेदनशिल क्षेत्रमा विषेश जोड दिई आम नागरिकहरुलाई असल खानपान लगाएत व्यवहार परिपर्तनका लागि असल अभ्यासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । सुत्केरी महिलाहरुलाई निशुल्क रुपमा प्रदान गरिदै आएको एम्वुलेन्स सेवालाई निरन्तरता दिइनेछ । योग ध्यान अभ्यासलाई  प्राथमिकता दिदै सम्पुर्ण सरोकारवालाहरुलाई योग ध्यान अभ्यासमा आवद्ध गराउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**गाउँसभा सदस्यहरु,**

५५.	महिलाहरूको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणलाई प्राथमिकतामा राखि सीप विकास, उद्यमशीलता प्रवर्द्धन, स्वरोजगार तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ साथै एकल महिला, विपन्न, दलित, जनजाति तथा पिछडिएका वर्गका महिलाहरूको आर्थिक सुदृढीकरणमा विशेष जोड दिइनेछ ।

५६.	गाउँपालिकाका सम्पूर्ण योजना, कार्यक्रम तथा बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तलाई मूलप्रवाहीकरण गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

५७.	बालमैत्री स्थानीय शासनका सूचकहरूको पूर्ण कार्यान्वयन तथा दिगोपनाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरि । बाल सहभागिता, बाल संरक्षण, बाल विकास तथा बाल अधिकारका विषयलाई स्थानीय विकास प्रक्रियासँग आबद्ध गरी बालमैत्री वडा तथा गाउँपालिका निर्माण अभियानलाई थप सुदृढ बनाइनेछ ।

५८.	बालअधिकार संरक्षण तथा बाल संरक्षण प्रणालीको सुदृढीकरण गरी बालविवाह, बालश्रम, बाल हिंसा, बाल बेचबिखन, दुर्व्यवहार तथा शोषण अन्त्यका लागि समुदायस्तरमा सचेतनामूलक तथा रोकथाममुखी कार्यक्रम सञ्चालन गरिनेछ साथै जोखिममा रहेका बालबालिकाको संरक्षण, उद्धार, पुनःस्थापना तथा व्यवस्थापनका लागि स्थानीय बाल संरक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

५९.	किशोरी तथा युवती सशक्तीकरण कार्यक्रम मार्फत किशोरी तथा युवतीहरूको नेतृत्व विकास, जीवनोपयोगी शिक्षा, स्वास्थ्य सचेतना, आत्मरक्षा तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन् । विद्यालय तथा समुदायमा किशोरीमैत्री वातावरण निर्माण गर्दै उनीहरूको आत्मविश्वास र सहभागिता अभिवृद्धि गरिनेछ ।

६०.	महिला तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद तथा दुव्र्यवहार अन्त्यका लागि शून्य सहनशीलताको नीति अवलम्बन गरी पीडितलाई मनोसामाजिक परामर्श, कानुनी सहायता तथा आवश्यक संरक्षण सेवा उपलब्ध गराइनेछ ।

६१.	सामाजिक सुरक्षा ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा र जीवनस्तर सुधारका लागि ज्येष्ठ नागरिकमैत्री कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवा पहुँच, सम्मान कार्यक्रम, अन्तरपुस्ता अनुभव आदानप्रदान तथा सामाजिक सुरक्षासम्बन्धी गतिविधिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

६२.	अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गको समावेशी विकास अपाङ्गता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक तथा अन्य लक्षित वर्गको अधिकार सुनिश्चित गर्दै क्षमता विकास, सीप प्रवर्द्धन तथा सेवा पहुँच विस्तारका कार्यक्रम सञ्चालन गरिनेछन् ।

६३.	महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित समिति, सञ्जाल तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ । तथ्याङ्क तथा अभिलेख व्यवस्थापन प्रणालीलाई व्यवस्थित, अद्यावधिक र प्रविधिमैत्री बनाउँदै नीतिगत निर्णय प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ ।

६४.	अधिकार प्रवर्द्धन, जनचेतना अभिवृद्धि तथा साझेदारी सुदृढीकरण महिला अधिकार, बाल अधिकार, ज्येष्ठ नागरिक अधिकार तथा सामाजिक न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै समावेशी तथा दिगो विकासको आधार तयार गरिनेछ।

६५.	लैंगिक हिंसा निवारण कोषलाइ क्रियाशिल बनाई लैंगिक हिंसा र प्रजनन स्वास्य कार्यक्रम सञ्चालन गरी हिंसा मुक्त गाउँपालिका बनाउने नीति ल्याइनेछ ।बाल कल्याण कोषलाई निरन्तर दिइनेछ ।

६६.	बालमैत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी बनाउन वडा पालिकाले सहजीकरण गरि विधालयहरु,स्वास्थ्य संस्थामा बालमैत्री सिकाइ समाग्रीहरुको व्यवस्थापन गरिनेछ।सबै विधालयमा गठन गरिएका बालसमूहहरु संञ्चालनको व्यवस्था मिलाइनेछ ।

**गाउँसभा सदस्यहरु,**

६७.	उमाकुण्ड गाउँपालिकाको दुर्गम, हिमाली तथा पाहाडी भौगोलिक अबस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको केन्द्र जोड्ने सडक बाह्रै महिना सञ्चालनयोग्य बनाउने निति अवलम्बन गरि सडकहरुको स्तरोउन्नती ग्राभेल कालोपत्रे, नाली तथा कल्भर्ट निर्माण कार्यलाई विशेष प्राथमिकता दिइनेछ । साथै गाउँपालिकाको सबै वडाहरु जोड्ने मध्यमार्गी सडकलाई विशेष प्राथमिकतामा राखि सडकको स्तरोउन्नती, ग्राभेल, नाली, कजव्य तथा कल्भर्ट निर्माणका लागि गाउँपालिकाबाट बजेट सुनिश्चित गरि सडक मर्मत सम्भारलाई नियमित तथा प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

६८.	उमाकुण्ड गाउँपालिकाको भौगोलिक संवेदनशीलतालाई दृष्टिगत गर्दै पहिरो, बाढी, भूक्षय तथा अन्य प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि ग्याबिन पर्खाल, ढल निकास तथा अन्य संरक्षणात्मक संरचनाहरू निर्माण गरिनेछ। पूर्वाधार विकासका सम्पूर्ण कार्यक्रमहरू सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित प्राविधिक मापदण्ड अनुरूप गुणस्तरीय, पारदर्शी र दिगो रूपमा कार्यान्वयन गरिनेछ।

६९.	गुणस्तरीय, सफा, स्वच्छ खानेपानी तथा सरसफाइ सेवामा नागरिकको पहुँच सुनिश्चित गर्न "एक घर एक धारा" अभियानलाई निरन्तरता दिइनेछ। साथै खानेपानी मुहानहरूको संरक्षण, निर्माण तथा दिगो व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।

७०.	कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले साना, मझौला तथा आवश्यकता अनुसार ठूला सिँचाइ आयोजनाहरूको निर्माण, विस्तार तथा स्तरोउन्नती गरिनेछ। परम्परागत कुलो, पोखरी तथा जलस्रोत संरचनाहरूको संरक्षण र सुधार गरिनेछ। वर्षा पानी संकलन, जल संरक्षण तथा बहुउपयोगी जलस्रोत विकास कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

७१.	शिक्षा, स्वास्थ्य तथा सेवा प्रवाहसँग सम्बन्धित सार्वजनिक भवनहरूको निर्माण, पुनर्निर्माण, मर्मत तथा स्तरोन्नति गरिनेछ। गाउँपालिका तथा वडा कार्यालय भवनहरूलाई सुरक्षित, भूकम्प प्रतिरोधी, अपाङ्गमैत्री तथा प्रविधिमैत्री बनाइनेछ। सार्वजनिक सेवा केन्द्र, प्रतीक्षालय, सार्वजनिक शौचालय तथा अन्य आवश्यक सामुदायिक संरचनाहरूको निर्माणमा विशेष ध्यान दिइनेछ।

७२.	आगामी आर्थिक बर्षमा गाउँपालिकाको प्रशासकीय भवनको फर्निचरको व्ववस्थापन गरि कार्यालयको सम्पूर्ण कामकाज नवनिर्मित भवनबाट सञ्चालन गर्न ठेक्का मार्फत फर्निचरको खरिदकार्य कार्यान्वयन गरिनेछ।

७३.	गत आर्थिक बर्षमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिएका योजनाको निर्माण कार्य सम्पन्न गर्ने समयसिमालाई मध्यनजर गर्दै यस आर्थिक बर्षमा गाउँपालिका तथा वडाहरुको जिम्मेवार पदाधिकारीको पहलमा योजना कार्यान्वयनलाई सुदृढ गर्ने निति अवलम्बन गरिनेछ।

७४.	उमाकुण्ड गाउँपालिकामा नयाँ घर तथा भवन निर्माण गर्दा गाउँपालिकाबाट स्वीकृत सडक मापदण्ड, भवन निर्माण आचारसंहिता र भुकम्प प्रतिरोधी मापदण्ड बमोजिम नक्सा पास गरि भवन निर्माण गर्न विशेष ध्यान दिइनेछ।

७५. उमाकुण्ड गाउँपालिकाको खाली जग्गामा रहेको सरकारी, निजि तथा विभिन्न संघसंस्थाहरुको साझेदारिमा आयमुलक विरुवाको वृक्षरोपन गरि आय वृद्धि गर्ने साथै स्वच्छ, सुन्दर, सफा र हरियालीयुक्त गाउँपालिकाको विकास गर्ने कार्यलाई अगाडी बढाइनेछ।

७६. गाउँपालिका भित्रको विकास निर्माण कार्यलाई अझ प्रभावकारी बनाउन गाउँपालिका भित्ररहनु भएका प्राविधिकलाई क्षमता वृद्धि तालिमको सञ्चालनको विशेष ध्यान दिइनेछ।

७७. यस आर्थिक बर्षमा गाउँपालिकाको पूर्वाधार निर्माण कार्यलाई थप प्रभावकारी बनाउन उपभोक्ता समिति तथा ठेक्का मार्फत कार्यान्वयन गरिने सम्पूर्ण योजनाको स्थानीय आवश्यकता, लागत प्रभावकारिता तथा दिगोपनालाई आधार बनाई गुणस्तर सुनिश्चित गर्न नियमित प्राविधिक सुपरिवेक्षण तथा अनुगमन गरि गाउँपालिकाको स्वीकृत खरिद कार्ययोजना अनुरुप योजना कार्यान्वयन गरिनेछ ।

७८. दिगो, सुरक्षित, गुणस्तरीय तथा समावेशी पूर्वाधार निर्माणमार्फत उमाकुण्ड गाउँपालिकालाई समृद्ध बनाउने लक्ष्यका साथ यो निति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

७९. गाउपालिका क्षेत्र भित्र भएका सुख्खा तथा उजाड डाँडा पखेराहरुको पहिचान गरी वातावरणीय अनुकुलन सम्वन्धि वृक्षा रोपन, सरक्षण तथा प्रवर्द्धन गर्ने कार्यका लागि सामुदायिक वन तथा सरोकारवाला निकाय समक्ष साझेदारी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

८०. मौषमी तथा बेमौषमी रुपमा हुने विपद घटनाहरुको न्यूनिकरणका लागि विपद प्रतिकार्य योजना, व्यवस्थान तथा पुनस्थापनालाइ सस्थागत गरी नागरिकहरुमा जनचेतना अभिवृद्धि गरिनेछ ।विपत्तीमा परेका नागरिकहरुलाइ तत्काल उद्धार, राहद तथा सहयोग कार्यलाइ निरञ्तरता दिइनेछ ।

**गाउँ सभासदस्यहरु,**

८१. कार्यालयबाट प्रदान गरिने दैनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाई नागरिकलाई सुशासनको अनुभूति दिन आवश्यक ब्यवस्था मिलाईने छ ।सेवाग्राहीले सरल र सहज ढंगले सेवा प्राप्त गर्ने हकको सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गरिने छ ।जेष्ठ नागरिक, गर्भवती, सुत्केरी महिला, बालबालिका र अपाङ्गता भएका सेवाग्राहीलाई सेवा प्रवाहमा पहिलो प्रथामिकता दिईने छ ।

८२. दक्ष जनप्रतिनिधि र कर्मचारीबाटनै प्रभावकारी कार्यसम्पादन, सेवा प्रवाह र सुशासन कायम गर्न सम्भव भएकाले जनप्रतिनिधि तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको

लागि आवधिक रुपमा आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण जस्ता कार्यक्रम अगाडी बढाईने छ ।

८३. गाउँपालिका र मातहतको कार्यालयबाट प्रवाह हुने सबै प्रकारको सेवा, विकास निर्माण एवम् शासकीय गतिविधमा हुन सक्ने अपारदर्शिता, अनियमितता, तथा अनावश्यक ढिलासुस्ति रोकि सेवा प्रवाहको सम्वन्धमा नागरिकको गुनासोहरूलाई सम्वोधन गर्न उच्चतम प्रविधिको प्रयोग गरि गुनासोको संकलन, सुनुवाई र सम्वोधन कार्यलाई व्यवस्थित गरिने छ ।

८४. सेवा प्रवाहलाई विकेन्द्रित गर्दै गाउँपालिकाबाट प्रवाह भईरहेको सेवा प्रवाहलाई सम्भव भए सम्म वडा कार्यालयबाट प्रवाह हुने ब्यवस्था मिलाईने छ ।

८५. स्वीकृत दरवन्दीलाई मध्यनजर गरि कर्मचारी व्यवस्थापन कार्य प्रभावकारी बनाइने छ। उमाकुण्ड गाउँपालिकामा सिफारिस भई स्थायी नियुक्ति हुने र छोटो अवधिमा अन्यत्र कार्यालयमा सरुवा हुने प्रवृत्तिले गाउँपालिकाको सेवा प्रवाहमा नकारात्मक असर परिरहेकाले यसलाई निरुत्साहित गरि कर्मचारीको मनोबल उच्च बनाउन आवश्यक कर्मचारी प्रोत्साहनका कार्यक्रम अगाडि बढाईने छ ।

८६. सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुरस्कार र खराबलाई दण्डको मान्यता अनुरुप उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरूको उचित सम्मान गरिने छ ।

८७. पालिकाको प्रशासनिक कार्यलाई क्रमशः कागज रहित र डिजिटल प्रणालीमा रूपान्तरण गर्ने कार्यको थालनी गरिनेछ। वडा कार्यालयदेखि पालिकाका सबै शाखाहरूमा दर्ता–चलानी, फाइल व्यवस्थापन तथा निर्णय प्रक्रिया प्रणालीको प्रयोगको प्रारम्भ गरिने छ।

८८. गाउँपालिकाको सम्पूर्ण डिजिटल अभिलेख, नागरिक तथ्याङ्क तथा प्रशासनिक सूचनाको सुरक्षा सुनिश्चित गर्न सुरक्षित डाटा सेन्टर, क्लाउड स्टोरेज, नियमित ब्याकअप प्रणालीको स्थापना गरिनेछ। सूचना सुरक्षाका लागि राष्ट्रिय मापदण्ड अनुरूप साइबर सुरक्षा नीति कार्यान्वयन गरिनेछ।

८९. गाउँपालिकाका महत्वपूर्ण कागजात, नक्सा, निर्णय, योजना, सम्झौता, बैठकका माइन्युट तथा ऐतिहासिक अभिलेखलाई क्रमशः डिजिटल स्वरूपमा रूपान्तरण गरि सुरक्षित डिजिटल आर्काइभ सिस्टम मार्फत व्यवस्थापन गरिनेछ।

९०. सुशासन, पारदर्शिता तथा जवाफदेहितालाई संस्थागत गर्न पालिकाको बजेट, योजना, कार्यक्रम, सार्वजनिक खरिद, निर्णय तथा विकास गतिविधिका विवरणहरू नियमित रूपमा आधिकारिक वेबसाइटमार्फत सार्वजनिक गरिनेछ।

९१. सेवाग्राहीलाई सेवा प्रक्रिया, आवश्यक कागजात, शुल्क, समयसिमा तथा जिम्मेवार कर्मचारी सम्बन्धी जानकारी सहज रूपमा उपलब्ध गराउन गाउँपालिका तथा सबै वडा कार्यालयहरूमा डिजिटल नागरिक बडापत्र तथा डिजिटल डिस्प्ले बोर्ड सञ्चालन गरिनेछ।

९२. गाउँपालिकाका सबै कार्यालयहरूमा उच्च गतिको इन्टरनेट, सुरक्षित नेटवर्क, सीसीटीवी निगरानी प्रणाली, स्मार्ट मिटिङ हाल, भिडियो कन्फरेन्सिंग सिस्टम तथा आधुनिक सूचना प्रविधि पूर्वाधारको विस्तार गरिनेछ।

९३. उमाकुण्ड गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र रहेका आन्तरिक स्रोतको पहिचान गरी प्रभावकारी रुपमा स्रोतको परिचालन तथा व्यवस्थापन गरि कुल बजेटमा आन्तरिक आयको हिस्सालाई वृद्धि गर्दै लगिने छ ।

९४. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुलाई कर सम्बन्धी अभिमूखिकरण कार्यक्रम मार्फत करको अन्योलतालाई हटाई गाउँपालिका भित्र सार्वजानिक जग्गा तथा घर, टहरा तथा सम्पत्तिकरलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनको लागि नागरिक स्तरमा सचेनतामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

९५. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने र निर्माण भइसकेका तर नक्सापास तथा अभिलेखिकरण गर्न बाँकी रहेका घरहरुलाई करको दायरामा ल्याईनेछ ।

९६. कर छली तथा चुहावट नियन्त्रण गर्न प्रभावकारी अनुगमन प्रणाली अपनाउदै गाउँपालिका क्षेत्र भित्र रहेका ढुंगा गिट्टि वालुवा लगायतका वस्तुहरुको वातावरणिय प्रतिवेदन तयार गरि सो प्रतिवेदनको आधारमा ठेक्का लगाई गाउँपालकाको आन्तरिक आयमा वृद्धि गर्दै लगिने छ ।

९७. गाउँपालिकाबाट सञ्चालन हुने आयोजना, कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गुणस्तर सुनिश्चितता, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाइनेछ । आयोजनाहरूको समयमै सम्पन्न, निर्धारित लक्ष्य प्राप्ति तथा स्रोत साधनको प्रभावकारी उपयोग सुनिश्चित गर्न अनुगमनलाई नतिजामुखी र सहभागितामूलक बनाइनेछ।

९८. नीति तथा कार्यक्रम र आयोजना कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्ययोजना तयार गरि त्यसको कार्यान्वयन बिशेष जोड दिईने छ ।

९९. गाउँपालिकामा सञ्चालनमा रहेका सम्पूर्ण योजना/कार्यक्रम समयमै सम्पन्न गर्नको लागि वडा तथा गाउँपालिकाको जिम्मेवार पदाधिकारीको समन्वय, सहकार्यमा तिन चरणको अनुगमन गरि त्रैमासिक प्रगति समिक्षाको प्रतिवेदन गाउँ कार्यापालिका बैठकमा पेश गरि

विकास निर्माण कार्यको कार्यान्वयनको गुणस्तर तथा पारदर्शिता सुनिश्चित गर्न विशेष व्यवस्था मिलाईने छ ।

१००. स्थानीय मेलमिलापकर्ताहरुलाई कार्य सम्पादनमा गुणस्तर वृद्धि गर्नका लागी क्षमता विकास सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिई मेलमिलापकर्ताहरुका लागी प्रोत्साहनमुलक कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१०१. प्रत्येक माध्यमिक विद्यालयका विद्यार्थीहरुको सहभागीता हुनेगरी सचेतनामुलक कानूनी साक्षात्कार कार्यक्रम संचालन गर्ने कार्यको सुरुवात गरिने छ ।

१०२. न्यायिक समितिको जिम्मेवार/क्षेत्राधिकार अन्तर्गत रहेका सम्पुर्ण कार्यहरुलाई प्रकृयागत ढंगबाट सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।

१०३. न्यायिक समितिको कार्यसम्पादनमा थप प्रभावकारीता साथै मेलमिलाप क्षेत्रमा दक्ष व्यक्ति उत्पादनका लागी विशेष कार्यक्रमहरु गरिनेछ ।आवश्यकताको आधारमा सर्वसाधरण, जनप्रतिनिधी तथा कर्मचारीहरुको लागि कानूनहरुको विषयमा अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रमहरुको आयोजना गरिनेछ ।

१०४. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नागरिक तहमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।वैदेशिक रोजगारीका शिलसिलामा समस्यामा परेका ब्यक्ति तथा परिवारहरुलाई न्यायिक सहजीकरण, कल्याणकारी सेवा तथा क्षतिपूर्ति दिलाउन आवश्यक सहजीकरण गरिनेछ ।

१०५. वैंदेशिक रोजगारी तथा अन्य विभिन्न कारणले मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईने छ ।साथै त्यस्ता मनोसामाजिक समस्या भएका ब्यक्तिहरूको तथ्याङ्क संकलन कार्य अगाडी बढाइने छ ।

१०६. वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता प्रदान गरि प्राप्त विप्रेषणलाई सही सदुपयोग गर्ने बानीको विकास गरिनेछ।साथै विभिन्न संघ संस्थाहरु र विद्यालयहरु सँग समन्वय तथा सहकार्य गरी वित्तीय साक्षरता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१०७. कृषि, उद्योग, पर्यटन, निर्माण, सूचना प्रविधि, र सेवा क्षेत्रलाई रोजगार सिर्जनाको प्रमुख आधारका रूपमा विकास गरिने छ । स्थानीय स्रोत, सीप र कच्चा पदार्थमा आधारित उद्योग स्थापना र विस्तारलाई बिशेषत बैदशिक रोजगारबाट फर्किएका युवाहरुलाई जोड्ने गरि प्रोत्साहनको कार्यक्रम अगाडी बढाईने छ ।

१०८. श्रम बजारको मागका आधारमा सीप नक्साङ्कन गरि तालिम कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक वडा कार्यालयहरुमा रोजगार संवाद मञ्च स्थापना गर्नका साथै बेरोजगार

नागरिकको दर्ता, सीप प्रोफाइल, रोजगार परामर्श, रोजगार मिलान, अनुगमन र श्रम संसार जस्ता कार्यहरू राष्ट्रिय रोजगारको डिजिटल प्रणालीबाट गरिने छ ।

१०९. वैदेशिक रोजगारबाट फर्किएका नागरिकको पुनःएकीकरणका लागि फर्किएका श्रमिकको सीप प्रमाणीकरण, पुन तालिम र उद्यम स्थापनामा सहयोग गर्दै पुनःएकीकरण सहायताका लागि गाउँपालिका स्तरिय कार्यक्रम सञ्चालन गरिने छ ।

११०. प्रत्येक वर्ष निश्चित संख्यामा बेरोजगार नागरिकलाई न्यूनतम कार्यअवधि सहित रोजगारको अवसर उपलब्ध गराउन सार्वजनिक पूर्वाधार, सरसफाइ, जलस्रोत संरक्षण, वन तथा वातावरण संरक्षण, ग्रामिण सडक, सिंचाइ, सामुदायिक भवन निर्माण जस्ता श्रमप्रधान कार्यक्रम सञ्चालन गरिने छ ।

अन्त्यमा, भौतिकपूर्वाधारको विकासले मात्र समृद्धि हाँसिल गर्न नसकिने यथार्थलाई आत्मासात गर्दै नागरिकको चेतनास्तर अभिवृद्धि गर्न शिक्षा, स्वास्थ्य लगाएतको क्षेत्रमा विशेष जोड दिदै यो नीति तथा कार्यक्रम तयार गरिएको छ । यो नीति तथा कार्यक्रमको कार्यान्वयनबाट अपेक्षित उपलब्धि हाँसिल गर्न आम उमाकुण्डवासीको सकारात्मक सहयोग तथा सुझावको अपेक्षा गरेको छु। नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुर्याउनु हुने सबै जनप्रतिनिधि, कर्मचारी, सुझाव उपलव्ध गराउनुहुने सम्पुर्ण महानुभाव र गाउँपालिकाको विकास र समृद्धिमा विभिन्न माध्यमबाट योगदान गर्नुहुने सबै सबैमा हार्दिक आभार र धन्यवाद प्रकट गर्दछु ।धन्यवाद !